# गाउँबाट शान्ति

चौमासिक बुलेटिन, संख्या ६ जेठ २०६८ ( No. 6, May 2011)

## वार्षिक अनुभव आदान-प्रदान तथा नीतिगत पृष्ठपोषण बैठक सम्पन्न

नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन) द्वारा संचालित गाउँबाट शान्ति परियोजनाको बार्षिक अनुभव आदान-प्रदान तथा नीतिगत पृष्ठपोषण वैठक यही जेष्ठ २६ गते काठमाडौंमा सम्पन्न भएको छ । परियोजनाले हालसम्म गरेका उपलब्धिहरू र चुनौतीहरूलाई आम सरोकावालाहरू समक्ष प्रस्तुत गरी नीतिगत पृष्ठपोषण प्राप्त गर्नका लागि उक्त बैठकको आयोजना गरिएको थियो ।

आरआरएनका अध्यक्ष डा. अर्जुन कार्कीको अध्यक्षतामा संचालन भएको सो बैठकमा "गाउँबाट शान्ति" परियोजनाका निर्देशक डा. नीरज जोशीले विगत वर्षमा परियोजनाले हासिल गरेका उपलब्धिहरू, सिकाईहरू र आगामी कार्यक्रमका बारेमा प्रस्तुतिकरण गर्नु भएको थियो । यसैगरी आरआरएनका निर्देशक डा. सर्वराज खड्का तथा पूर्व परियोजना निर्देशक श्री सीमा लुईटेलले गाउँबाट शान्ति परियोजना संचालन पश्चात् आरआरएनले वर्तमान परिस्थितिको आधारमा निर्माण गर्न लागेको शान्ति पुनर्स्थापना रणनीतिका नमूनाको बारेमा प्रस्तुत गर्नुभएको थियो । उक्त प्रस्तुति पछि बैठकका सहभागीहरूले परियोजना सम्बन्धमा, आ-आफ्ना सुझाव र टिप्पणीहरू राखेका थिए ।

**यस अंकमा**

- दिगो शान्ति स्थापनामा गाउँबाट शान्ति परियोजनाको योगदान, प्रभाव तथा सिकाईहरू
- गाउँबाट शान्ति परियोजनाबाट प्राप्त सफलताका कथाहरू
- समाचार संक्षेपका साथै अन्य नियमित स्तम्भहरू



*(बायाँबाट) डा. अर्जुन कार्की, दाताराम खनाल, रबर्ट ह्यामिल्टन, डा. मुन्नी शर्मा र डा. प्रवीण मानन्धर*

कार्यक्रममा शान्ति तथा पुनर्निर्माण मन्त्रालयका सचिव श्री ध्रुवप्रसाद शर्माले गाउँबाट शान्ति परियोजना संचालन पश्चात् आरआरएनले विकास गर्न लागेको शान्ति पुनर्स्थापना रणनीतिका नमूनाहरूमा मन्त्रालयको पनि सरोकार रहेको र यसमा मन्त्रालयको पनि स्वामित्व रहने जानकारी दिनुभयो । यसैगरी समाज कल्याण परिषदका सदस्य सचिव डा. छेवाङ शेर्पाले गाउँबाट शान्ति परियोजनाले यसको नामजस्तै काम गरेको टिप्पणी गर्दै शुभकामना व्यक्त गर्नुभयो । क्यानाडाली अन्तर्राष्ट्रिय विकास नियोग (सीआइडिए) नेपाल कार्यक्रम निर्देशक श्री रबर्ट ह्यामिल्टनले परियोजनाले हासिल गरेका उपलब्धिहरूको सराहना गर्दै शान्ति, पुनर्स्थापना रणनीतिका नमूनाका निर्माण कार्यलाई चाडै नै मूर्त रूप दिन सल्लाह दिनुभएको थियो । क्यानाडाली सहयोग कार्यालय, नेपालका निर्देशक डा. प्रवीण मानन्धरले शान्ति पुनर्स्थापना रणनीतिका नमूना निर्माण कार्यलाई केन्द्रबाट भैरहेको शान्ति निर्माण रणनीतिसँग पनि सम्बन्ध स्थापना गरिनुपर्ने कुरामा जोड दिनुभयो । साथै सिसिओका लैङ्गिक तथा सामाजिक समावेशीकरण सल्लाहकार डा.मुन्नी शर्माले परियोजना संचालनपश्चात् भएको अतिरिक्त प्रभावहरूको पनि अभिलेखीकरण गरिनुपर्ने सुझाव दिनुभएको थियो ।

वैठकमा समुदायमा आधारित जनसंस्थाहरूका प्रतिनिधिहरू, स्थानीय शान्ति समितिका पदाधिकारीहरूले समेत आफ्नो क्षेत्रमा परियोजनाको प्रभावको बारेमा जानकारी गराउनुभएको थियो ।

बैठकमा शान्ति तथा पुनर्निर्माण मन्त्रालय, समाज कल्याण परिषद, सिसिओका नेपाल प्रतिनिधिहरू, आरआरएन तथा यस अन्तर्गत विभिन्न परियोजनाका कर्मचारीहरू, स्थानीय शान्ति समिति तथा समुदायमा आधारित जनसंस्थाहरूका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।

## शान्ति र मेलमिलापका लागि मैत्रीपूर्ण भलिबल प्रतियोगिता



*शान्ति र मेलमिलापका लागि आयोजित भलिबल प्रतियोगिता*

संखुवासभा जिल्लाको तुम्लिङ्गटारमा शान्ति र मेलमिलापका लागि भलिबल प्रतियोगिता गत २०६७ साल पौष १६ गतेदेखि २० गतेसम्म सम्पन्न भएको छ । महिला तथा पुरुषगरी १६ टीम सहभागी भएको सो प्रतियोगितामा दुवैतर्फ पूर्वाञ्चल भलिबल संघ विजयी भएको थियो । उक्त प्रतियोगिता शान्तिका लागि पर्यटन भन्ने नाराका साथ आयोजना भएको तुम्लिङटार महोत्सव २०६७ को एक प्रमुख गतिविधि अन्तर्गत संचालन भएको थियो । महोत्सवमा शान्तिसम्बन्धी सांगीतिक कार्यक्रम, स्थानीय सांस्कृतिक झाँकीहरूको प्रदर्शनी तथा परियोजना क्षेत्रमा उत्पादित रुद्राक्ष, खुकुरी लगायत अन्य धातुका सामाग्रीहरू, कृषि तथा वन पैदावारबाट उत्पादित वस्तुहरूको पनि प्रदर्शनी गरिएको थियो ।

तत्कालीन माननीय शान्ति तथा पुनर्निर्माण मन्त्री श्री रकम चेम्जोङ्गद्वारा उद्घाटन गरिएको तुम्लिङटार महोत्सव-२०६७ संखुवासभा, भोजपुर तथा पूर्वाञ्चलका अन्य जिल्लाका करिव ६००० जना महिला तथा पुरुषले अवलोकन गरेका थिए । कार्यक्रममा आरआरएनका अध्यक्ष डा. अर्जुन कार्की, क्यानाडाली सहयोग कार्यालय, नेपालका कार्यकारी निर्देशक डा. प्रवीण मानन्धर तथा शान्ति मन्त्रालयका सचिव श्री ध्रुवप्रसाद शर्मा सहभागी हुनु भएको थियो । उक्त कार्यक्रम गाउँबाट शान्ति परियोजना, जिल्ला कृषि कार्यालय संखुवासभाको अगुवाई तथा आरआरएन गाउँबाट शान्ति परियोजना, संखुवासभा जिविस, खाँदबारी नगरपालिका तथा जिल्ला खेलकुद विकास समिति एवं तुम्लिङ्गटार युवा तथा पुनर्मिलन केन्द्रको आर्थिक तथा प्राविधिक सहयोगमा सम्पन्न भएको थियो । विगत २ वर्षदेखि गाउँबाट शान्ति परियोजनाले लघु व्यवसायमार्फत् जीविकोपार्जनमा सुधार गर्न, स्थानीय स्रोतमा आधारित वस्तु र सेवाहरूको उत्पादन गर्न लक्षित वर्गहरूको क्षमता अभिबृद्धि गरिरहेको छ । यस्ता पर्यटन महोत्सवहरू गाउँमा उत्पादित वस्तु तथा सेवाहरूको समेत प्रदर्शन गर्ने एक अवसरको रूपमा उपयोग गर्नसके ग्रामीण उत्पादनहरूको बजारमा सहज पहुँच पुग्न सक्ने तथ्य परियोजनाले महसुस गरेको छ ।

## गाउँबाट शान्ति परियोजनाका उपलब्धिहरूको अनुगमन भ्रमण



*अनुगमन भ्रमण टोलीका सदस्यहरू समुदायसँग अन्तरक्रिया गर्दै*

तत्कालिन शान्ति तथा पुनर्निर्माण मन्त्री श्री रकम चेम्जोङ्गको नेतृत्वमा शान्ति मन्त्रालयका सचिव तथा सहसचिव, क्यानाडाली सहयोग कार्यालय, नेपाल (सिसिओ) का डा. प्रवीण मानन्धर तथा आरआरएनका अध्यक्ष डा.अर्जुन कार्कीको एक विशेष टोलीले गत २०६७ साल पौष १५ र १६ गते आरआरएनद्वारा संखुवासभामा संचालित गाउँबाट शान्ति परियोजनाको कार्यक्षेत्रको अवलोकन भ्रमण गऱ्यो । सो टोलीले परियोजना अन्तर्गत संखुवासभाको खराङ्ग र खाँदबारी नगरपालिकामा विगत २ वर्षमा गरेका क्रियाकलापहरू र यसले समुदाय स्तरमा शान्ति स्थापना र मेलमिलापमा पुऱ्याएको योगदानको अवलोकन तथा अनुगमन गरेको थियो । अवलोकनका क्रममा सामुदायिक भवन, विद्यालय भवन, खानेपानी योजना, आयआर्जनका क्रियाकलापहरूको साथै विभिन्न सचेतनामूलक क्रियाकलापहरू र त्यसले शान्ति र मेलमिलापमा पुऱ्याएको योगदानको बारेमा समुदायसँग प्रत्यक्ष रूपमा अन्तरक्रिया भएको थियो ।

यसैगरी २०६७ साल फाल्गुन ८ देखि ११ सम्म क्यानडाली अन्तराष्ट्रिय विकास नियोगका श्री माईकल ब्रोनिल तथा कार्यक्रम अधिकृत श्री स्टेफेन पिटर, क्यानडाली अन्तर्राष्ट्रिय सहयोग कार्यालय, नेपालका प्रतिनिधि श्री रबर्ट ह्यामिल्टन, (सिसिओ)का कार्यकारी निर्देशक डा. प्रवीण मानन्धर लगायतको टोलीले संखुवासभाको खराङ्ग, धुपू र खाँदबारी क्षेत्रमा भ्रमण गरी अवलोकन तथा अनुगमन गरेको थियो । अनुगमन टोलीले खाँदबारी नगरपालिकामा परियोजनाले सञ्चालन गरेका क्रियाकलापहरूको अवलोकनको साथै समुदायसँग प्रत्यक्ष छलफल तथा अन्तरक्रिया गरेको थियो । यसै सिलसिलामा माइकल ब्रोनिल र स्टेफेन पिटरले खराङ गाविसको लोहाकोटमा रहेको बाणिबिलास मा.वि.को गाउँबाट शान्ति परियोजना लगायतको सहयोगमा नवनिर्मित ६ कोठे पक्की विद्यालय भवनको उद्घाटन गर्नुभएको थियो । अनुगमन टोलीहरूले जिल्लास्थित सरकारी कार्यालयहरू, स्थानीय शान्ति समितिसँग पनि अन्तरक्रिया तथा छलफल गरेका थिए ।

# दिगो शान्ति स्थापनामा गाउँबाट शान्ति परियोजनाको योगदान, प्रभाव तथा सिकाईहरू

**राजेन्द्र अधिकारी/अनन्त घिमिरे**
परियोजना संयोजक, भोजपुर/संखुवासभा

## गाउँबाट शान्ति परियोजना

पूर्वी नेपालका दुइ पहाडी जिल्लाहरू संखुवासभा र भोजपुरमा सञ्चालित आरआरएनको "गाउँबाट शान्ति परियोजना"ले द्वन्द्व पश्चात देखापरेको ग्रामीण जनताको सामाजिक र आर्थिक दुरावस्थालाई सम्बोधन गर्दै द्वन्द्व प्रभावित व्यक्तिहरू र ग्रामीण समुदायहरू बीचमा मेलमिलाप र पुनर्मिलनको वातावरण सिर्जना गर्नका लागि कार्यक्रम गरिरहेको छ । राष्ट्रिय रूपमा दिगो शान्ति स्थापना गर्न सहयोग पुऱ्याउनुका साथै समुदायमा आधारित संस्थाहरूको क्षमता अभिबृद्धि गर्दै यसै अनुरूप शान्ति निर्माणका रणनीतिहरूका नमूना निर्माण गर्ने परियोजनाको मुख्य उद्देश्य रहेको छ । जीविकोपार्जनमा सहयोग पुऱ्याउने तथा समुदायका भौतिक पूर्वाधार निर्माणमा सहयोग गर्ने आदि परियोजनाका लक्ष्य प्राप्तिका महत्वपूर्ण माध्यम हुन् । यी उद्देश्यलाई प्राप्त गर्न लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण, शान्ति तथा द्वन्द्व प्रभाव मूल्याङ्कन र वातावरणीय प्रभाव विश्लेषणलाई रणनैतिक रूपमा यस परियोजनाले अवलम्बन गर्दै आएको छ । परियोजनाले निम्न क्षेत्रहरूमा योगदान गर्दै आइरहेको छ ।



*गोठगाउँ सिंचाई आयोजना (संखुवासभा)*

### १) समुदायमा आधारित संस्थाहरूको क्षमता अभिबृद्धिमा सहयोग

स्थानीय आवश्यकता पहिचान र प्राथमिकीकरण (खासगरी पुनर्मिलन र पुनर्स्थापनासम्बन्धी आवश्यकता) गरी त्यसको निम्ति आएका सहयोगहरूलाई सही ठाउँमा पारदर्शी ढङ्गबाट परिचालन गर्न समुदायमा आधारित संस्थाहरू जस्तैः कृषक समूह, आमा समूह, युवा क्लब र वन समूह आदिको क्षमता अभिबृद्धि गर्ने गरिन्छ र यिनै समुदायमा आधारित जनसंस्थाहरूलाई माध्यम बनाएर परियोजनाका क्रियाक(लापहरू लक्षित समुदायसम्म पुऱ्याइन्छ ।

### २) जीविकोपार्जनमा सहयोग

यस अन्तर्गत द्वन्द्व प्रभाबित व्यक्तिहरू, विशेषगरी पूर्वलडाकु, बेरोजगार युवा, महिला तथा पछाडि पारिएका व्यक्तिहरूका लागि आयआर्जनमा सहयोग पुऱ्याउनका लागि व्यवसायिक सीपमूलक तालिमहरू उपलब्ध गराइन्छ । आफ्नो घर समुदायमा पुनर्मिलन र पुनर्स्थापनाको वातावरण सिर्जना होस् भन्ने उद्देश्यले समेत जीविकोपार्जनसम्बन्धी क्रियाकलापहरू जस्तैः सीपमूलक व्यवसायिक तालिम, द्वन्द्व प्रभावितलाई आर्थिक सहयोग, द्वन्द्व प्रभावित परिवारका बालबालिका र व्यक्तिलाई छात्राबृत्तिमा सहयोग गर्ने गरिन्छ । द्वन्द्व प्रभावित महिला तथा पछाडि पारिएका वर्गहरूलाई पहिलो प्राथमिकतामा राखेर यस्तो सहयोग उपलब्ध गराइन्छ ।



*आयबृद्धिका लागि स्थानीय अल्लोबाट कपडा उत्पादन (भोजपुर)*

### ३) सामुदायिक भौतिक पूर्वाधारमा सहयोग

विगत द्वन्द्वको समयमा फरक-फरक विचारधारा राख्ने पक्षहरूलाई सामुदायिक विकासको लागि कुनै न कुनै तरिकाले (बैठक, छलफल र निर्माण आदिमा) मिलेर एकै ठाउँमा रहेर कामगर्ने वातावरण सिर्जना गराउन र आधारभूत मानवीय आवश्यकता पूरा गर्न ग्रामीण जनताको पहुँच पुगोस् भन्ने उद्देश्यले परियोजनाले त्यस्ता भौतिक पूर्वाधारसम्बन्धी योजनाहरूमा सहयोग गर्ने गर्दछ । खासगरी द्वन्द्व प्रभावित समुदाय/व्यक्तिहरू र बञ्चित पारिएका समुदायका लागि विद्यालय भवन, सामुदायिक भवन, खानेपानी, सिंचाई, ग्रामीण



च्याउ खेती आयबृद्धिमा सहयोगी (संखुवासभा)



सडक निर्माणमा समुदायको सहभागिता (संखुवासभा)

सडक जस्ता साना भौतिक पूर्वाधारहरू निर्माणमा सहयोग उपलब्ध गराइन्छ । समुदायमा आधारित संस्थाहरूको अगुवाईमा संचालन हुने यस्ता आयोजनाहरूमा हिजो द्वन्द्वको समयमा पूर्वाग्रह राखेर नबोल्ने एउटै समुदायका मान्छे र फरक फरक समुदायका मान्छे एकै ठाँउमा बसेर छलफल गर्दछन् र सँगै मिलेर काम गर्ने गर्दछन् । जसबाट एकातिर आधारभूत सेवा सुविधाका कुरामा जनताको पहुँच बढ्ने देखिन्छ भने अर्कातिर सामुदायिक विकासका निम्ति फरक परिवेशका मान्छेहरू एकै ठाउँमा मिलेर काम गर्ने वातावरण सिर्जना भएको छ ।

परियोजनाका क्रियाकलाप संचालनका लागि खासगरी निर्माण उपभोक्ता समिति गठन गर्दा, सचेतनामूलक/सीपमूलक तालिम आयोजना गर्दा स्थानीय संस्था/समूहका मुख्य पदहरूमा द्वन्द्व प्रभावित, महिला तथा आर्थिक, सामाजिक रूपमा पछाडि पारिएकालाई पहिलो प्राथमिकतामा राखेर गर्ने गरिन्छ । यसले गर्दा त्यस्ता वर्गको बिस्तारै आधारभूत सेवा सुविधामा पहुँच पुग्न जान्छ र सम्भावित द्वन्द्व कम हुने कुरा विश्वास गर्न सकिन्छ । परियोजनाका क्रियाकलापहरू विशेष गरी भौतिक पूर्वाधारका आयोजना संचालन हुनुपूर्व त्यस्ता आयोजनाले शान्ति तथा के कस्ता खालका द्वन्द्व निम्त्याउन सक्छ र यदि द्वन्द्वको स्थिति उत्पन्न भएमा कसरी समुदाय स्तरमा नै समाधान गर्ने भन्ने विश्लेषण गरिन्छ । त्यस्तै गरी भौतिक पूर्वाधारका आयोजनाले स्थानीय वातावरणमा प्रभाव पार्छ वा पार्दैन भनेर समुदायमा छलफल र विश्लेषण हुने गर्दछ र प्रभाव पार्ने भए कम गर्ने उपाय के के हुन सक्छन् भन्ने निचोड निकाल्ने गरिन्छ । यी कुराहरूले गर्दा सहयोग गरिएका परियोजनाको क्रियाकलापहरूमा दिगोपना आउने र समुदायमा मेलमिलाप, पुनर्मिलन र पुनर्स्थापनाको वातावरण सिर्जना भई दिगो शान्ति स्थापनामा टेवा मिल्ने विश्वास गर्न सकिन्छ ।

## परियोजनाका प्रभाव

तेस्रो वर्षमा प्रवेश गर्दा विभिन्न खालका सचेतनामूलक तालिम, गोष्ठी, अन्तरक्रिया तथा छलफलको माध्यमबाट समुदायका व्यक्तिहरू लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणमा संवेदनशील भएका, आफ्नो अधिकारप्रति सचेत भएका, समूहलाई नेतृत्व दिने सीपको विकास भएको कारणले गर्दा समुदायमा भेदभाव कमहुँदै गएको छ । त्यस्तै समूहको नेतृत्व तहमा महिला, दलित, द्वन्द्व प्रभावित, विपन्न वर्ग तथा सिमान्तकृत समुदायको सहभागिता उल्लेख्य रूपमा वृद्धि भएको छ । पुरुषहरूबाट पनि लैङ्गिक संवेदनशील भाषाको प्रयोगमा वृद्धि आएको छ जसले गर्दा महिलाहरूको आत्मसम्मान बढेको छ ।

सहभागितामूलक आवश्यकता पहिचान, प्राथमिकीकरण र कार्ययोजना तालिम तथा सहजीकरणका प्रभावले समुदायहरूले छलफलका माध्यमबाट आफ्ना आवश्यकताहरूलाई प्राथमिकीकरण गर्दै सोहीअनुसार कार्ययोजना बनाएर अगाडि बढ्दा बढीभन्दा बढी सामुदायिक विकासका क्रियाकलापहरू विवाद रहित ढंगले सञ्चालन हुनथालेका छन् । गाउँबाट शान्ति परियोजना कार्यान्वयनसँगै समुदायको गाविस तथा जिल्ला तहका सरकारी कार्यालयहरूसँगको सम्बन्ध विस्तार भएको छ, जसले गर्दा समुदायहरूले गाविस, जिविस लगायत सरकारी कार्यालयहरूसँग साझेदारीमा थुप्रै भौतिक पूर्वाधार निर्माण, आयआर्जन, तालिम गोष्ठीहरू जस्ता गतिविधिहरू सञ्चालन गर्ने क्रम बढिरहेको छ । सम्बन्ध विस्तारको कारणले र सहजीकरणको प्रभावले परियोजनासँग आवद्ध समुदायमा आधारित जनसंस्थाहरू विभिन्न निकायहरूमा आबद्ध हुनल(गेका छन् । यसले गर्दा गाउँबाट शान्ति परियोजनाको कार्यावधि समाप्त भएपश्चात् पनि समूहहरू सरकारी कार्यालयसँग समन्वय गरी समुदायको दिगो विकासमा अगाडि बढ्न सक्षम भइसकेका छन् भन्ने कुराको पुष्टि गर्दछ ।

परियोजनाको पहिलो वर्षमा समुदायलाई शान्तिबारे अनुभूति गराउनमा बढी परिश्रम र अभ्यास गर्नुपरेता पनि दोस्रो वर्षमा दिगो शान्तिबारेमा समुदायलाई धेरै जानकारी हासिल भएको छ । समुदायका आधारभूत आवश्यकताहरू परिपूर्ति हुनु, भेदभाव तथा घरेलु हिंसा न्यूनीकरण हुँदै जानु, आयआर्जनमा बृद्धि हुनु, सामुदायिक विकासमा सबैको समान तथा सम्मानजनक सहभागिता हुनु तथा निर्णय प्रक्रियामा पहुँच

## परियोजनाका सिकाई तथा अनुभवहरू

- समुदायमा सामुदायिक पूर्वाधार विकासका योजनाहरू सञ्चालन गर्दा सर्वप्रथम समुदायलाई सामाजिक परिचालनमा सबल तथा सक्षम बनाएर गर्दा बढी प्रभावकारी भएको पाईयो ।

- गाउँमा भएका विभिन्न खालका आवश्यकताहरूलाई परिपूर्ति गर्न एकीकृत र जनसहभागितामूलक खालका कार्यक्रमहरू बढी प्रभावकारी भएको पाइएको छ ।

- कार्यक्रमहरू सञ्चालन गर्दा सम्बन्धित सरोकारवालाहरू तथा सरकारी निकायहरूसँग समन्वय गरेमा स्रोतको सही सदुपयोग हुने र सम्पन्न योजनाहरूमा पनि दिगोपन हुने पाइयो ।

- समूहको संस्थागत क्षमता विश्लेषणबाट सबल पक्ष र सुधार गर्नुपर्ने पक्ष पहिचान भई सोहीअनुसार आवश्यकता पहिचान र योजना तर्जुमा गरी कार्यक्रम गर्दा समूहको क्षमता विकासमा टेवा पुगेको पाईयो ।

- अन्तरक्रिया तथा अधिकारसम्बन्धी जनचेतनाको प्रभावले स्थानीय सरोकारवालासँग समुदायको पहुँच बढेको छ जसले गर्दा समुदायले विभिन्न सरोकारवालाहरूसँग समन्वय गरी साझेदारीमा सामाजिक विकासका कामको थालनी गरेका छन् ।

- सामुदायिक पूर्वाधार विकासका योजनाहरूले समुदायहरू एकजुट भई काम गर्ने वातावरणको सिर्जना गरेको छ जसले गर्दा व्यक्ति व्यक्ति, परिवार परिवार तथा समुदाय समुदाय बीचको मनमुटाव पनि कम हुँदै गएको पाइएको छ ।



*महिलाअधिकारसम्बन्धी सचेतना अद्बिबृद्धिका लागि सडक नाटक*



*छात्रबृत्ति पाएका बालबालिकाहरू*

तथा स्वामित्व हुनु भनेका दिगो शान्तिका आधार हुन् भन्ने समुदायलाई थाहा भएको  छ । राजनीतिक विचारधारालाई एक ठाउँमा राखेर सामाजिक काममा एकजुट भएर लाग्यो भने मात्रै शान्ति प्राप्त हुन्छ भन्ने कुरा समुदायले बुझ्न थालेका छन् । त्यसैको परिणाम स्वरूप समुदायले हरेक खालका योजनाहरू पहिचान गर्दा र प्राथमिकता चरणदेखि नै यसले शान्ति र मेलमिलापको लागि के योगदान पुऱ्याउँछ भन्ने कुरा छलफल गरेर मात्रै कुनै पनि क्रियाकलापहरू सुरु गर्ने र कार्यान्वयन गर्ने गर्न थालेका छन् । यसले सामुदायिक विकासका क्रियाकलापहरूले पनि गाउँमा शान्ति र मेलमिलाप हुँदोरहेछ भन्ने कुरा परियोजनाको उद्देश्य अनुरूप समुदायले चरितार्थ गरिदिएको छ ।

परियोजना मार्फत समुदायले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति, शान्ति तथा द्वन्द्व प्रभाव मूल्याङ्कन निर्देशिका, वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका आदिबाट हरेक सामुदायिक क्रियाकलापहरूमा समावेशीकरण, द्वन्द्व निम्त्याउने तथा शान्ति प्रवर्द्धन गर्ने तत्वहरूको पहिचान गर्ने र विकास निर्माणका क्रियाकलापहरूले वातावरणमा पार्ने प्रभावको बारेमा छलफल गरेर मात्रै कार्यान्वयन गर्न थालेका छन् । सामुदायिक पूर्वाधार निर्माणका क्रियाकलापबाट, द्वन्द्वबाट प्रभावित युवा, दलित, महिलाहरूले रोजगारीको अवसर मात्र नभएर विगतमा मनमुटाव भएका परिवारका सदस्यहरू पनि महिनौंसम्म एकजुट भएर काम गर्दा बोल्ने वातावरणको सिर्जना भएको छ भने राजनीतिक दलका प्रतिनिधिलाई पनि विकास निर्माणमा राजनीति हाबी नबनाइकन मिलेर सामाजिक काममा लागे समुदायको विकास हुने रहेछ भन्ने कुराको अनुभुति भएको छ ।

तेस्रो वर्षसम्म आइपुग्दा परियोजनामार्फत् सञ्चालित विभिन्न खालका आयआर्जनका क्रियाकलापहरूको प्रभावले विपन्न, द्वन्द्वबाट प्रभावित, दलित तथा महिलाहरूको आयआर्जनमा उल्लेख्य रूपमा वृद्धि भएको छ । पहिलो र दोस्रो वर्षमा गरी जम्मा ४२२ जना महिला तथा पुरुषहरूले व्यवसायिक तरकारी खेती, बंगुरपालन, बाँसबाट हस्तकलाका सामान बनाउने, च्याउ खेतीसम्बन्धी सीपहरू सिकी ती सीपहरूको माध्यमबाट स्वरोजगारमा लागेका छन् जसले गर्दा महिलाहरूको आयआर्जनमा पहुँच तथा स्वामित्व बढेको छ र घर व्यवहार चलाउन महिलाहरूलाई सहज भएको छ ।

## भांग्रे सीस्नु (अल्लो) आय आर्जनको गतिलो माध्यम

**-सन्तोषकुमार वैद्य (तामाङ),** जीविकोपार्जन अधिकृत भोजपुर

भोजपुर जिल्ला बोया गाविस वडा नं. ९ निवासी ३० बर्षकी फुलमाया तामाङ द्वन्द्व पीडित परिवारकी एक सदस्य हुन् । २ छोरा र ४ छोरी मध्येकी जेठी छोरी भएकाले उनीमा घरका जिम्मेवारी पनि त्यतिकै मात्रामा रहेको छ । विगतको द्वन्द्वमा २०५८ सालमा विद्रोही पक्षले भाईलाई २ महिना जति लडाकुको रूपमा लगेको थियो तर पछि उम्कन सफल भई विदेश गएको उनी बताउँछिन् ।



*अल्लोको धागोबाट तानमा कोटको कपडा वुन्दै फुलमाया तामाङ (बोया-९, भोजपुर)*

साधारण शिक्षा तथा हाते झोलासम्बन्धी सिलाईको ज्ञान भएकामा फुलमायालाई सिलाई कटाईसम्बन्धीको तालिम लिने इच्छा थियो । उनीले आफ्नो माग त्यस गाविसको स्थानीय भालुखोप सिद्धथान सामुदायिक वन उपभोक्ता समूहमार्फत नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन)द्वारा संचालित गाउँबाट शान्ति परियोजनामा ल्याएकी थिइन् । यसरी स्थानीय समुदायमा आधारित संस्थाहरूमार्फत कार्यक्रमहरू कार्यान्वयन गर्दै आएको यस गाउँबाट शान्ति परियोजनाले जिल्ला घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय भोजपुरसँग सहकार्य गरी ३ महिने अल्लो प्रशोधन तालिम यसै गाविसमा २०६७ साल मंसिरदेखि फाल्गुणसम्म संचालन गरेको थियो ।

तालिमका जम्मा १७ जना सहभागीहरूमध्ये फुलमाया तामाङ उत्कृष्ठ प्रशिक्षार्थीहरू मध्ये एक हुन् । उनी भन्छिन् "साँच्चै भन्ने हो भने मलाई पहिला सरहरूले अल्लोबाट कपडाहरू बनाइन्छ भन्दा अचम्म लाग्थ्यो । किनकि हाम्रो गाविसमा कसैले पनि यसको प्रयोग गरेको थिएनन् । गाउँघरमा हामी त यसलाई काटेर भैंसी तथा बंगुरलाई चारो बनाई खुवाउने गर्थ्यौ । तर अहिले यसको तालिम लिएपश्चात् मैले २ पीस (५ मिटर=१ पिस हुन्छ) रु.२००० का दरले कोटको कपडाको रूपमा र २ वटा सल रु.३०० का दरले बेचिसकेकी छु । ४ वटा कोटको पिस र ४ वटा सलको पीस अर्डर अनुसार तयार गर्दैछु । यसवर्ष माग अनुसार कपडाहरू बनाउन त म पक्कै सक्दिन किन कि अल्लो काट्ने समय गइसकेको छ तर अर्को वर्ष बेलैमा अल्लो संकलन गरी माग अनुसार कपडाहरू बुन्ने विचार छ । वास्तवमा धागोहरू तानमा ठीक पारी सकेपछि ३ दिनमा १ पिस कोटको कपडा बुन्न सक्ने कुरा उनी बताउँछिन् । त्यस्तै यसको आम्दानीबाट मैले घर खर्च तथा व्यक्तिगत खर्चहरू गर्न सकिरहेको छु र आज म साँच्ची नै धेरै खुसी छु र आरआरएन गाउँबाट शान्ति परियोजनालाई धेरै धन्यवाद दिन चाहन्छु । हामी जस्तो गाउँले दिदी बहिनीहरूलाई सीप सिकाउदै आयआर्जन गर्ने आँखा खुलाइदिई सहयोग गरेकोमा ।"

## हस्तकला तालिमले टेकराज चौलागाईंको जीवनमा आएको परिवर्तन

**- हरिराम खनाल,** जीविकोपार्जन अधिकृत

मकालु गाबिस वडा नं २ मानेगाउँ बस्ने टेकराज चौलागाई एक अपाङ्गता भएका व्यक्ति हुन् । उनको परिवारमा उनी र उनकी श्रीमती रहेका छन् । मकालु स्थित समाज कल्याण युवा क्लबमा आवद्ध टेकराज एउटा दुर्गम गाविसका गरीब परिबारका सदस्य हुन् । श्रीमान्-श्रीमतीले खेतीपाती गरी केही कमाउँछन् र सोही कमाइले जेनतेन घरपरिवार चलाइरहेका छन् ।

जीवनलाई केही सहज बनाउनका लागि उनलाई अब अरु पनि केही गरेर थप कमाउनु पर्छ भन्ने लागिरहेको थियो । तर उनको हातमा कुनै सीप थिएन । यसै सिलसिलामा गाउँबाट शान्ति परियोजना, संखुवासभा र घरेलु तथा साना उद्योग विकास समिति, संखुवासभाको संयुक्त लगानीमा जिल्ला सदरमुकाम खाँदबारीमा महिला, अपाङ्ग, दलित, विपन्न वर्ग, जनजाति, पछाडि पारिएका तथा प्रत्यक्ष रूपमा द्वन्द्वबाट प्रभावित व्यक्तिहरूलाई लक्षित गरेर १ महिने बाँसको मुढा तथा हस्तकलासम्बन्धी तालिम आयोजना गरिएको थियो । सो तालिममा मकालु, दिदिङ्ग, नुम, खराङ्ग, धुपू गाविस र खाँदबारी नगरपालिकाका ९ जना महिला तथा ४ जना पुरुष गरी जम्मा १३ जनाले सहभागिता जनाएका थिए । तालिममा टेकराज चौलागाईलाई पनि समाज कल्याण युवा क्लबले सिफारिस गरेकोले सहभागी भएका थिए । तालिममा बाँसको मुढा, र्‍याक, ह्याङ्गर, चुरी स्ट्यान्ड तथा अन्य सजावटका सामग्रीहरू बनाउन सिकाइएको थियो ।

गाउँबाट शान्ति परियोजनाको सहयोगमा एक महिने बाँसको मुढा बुन्ने तालिम पाएपछि उनी अपाङ्ग भएपनि आफूले सिकेका सीपलाई प्रयोगमा ल्याई घरमै बसीबसी बाँसका मुढा, र्‍याक तथा अन्य सजावटका सामानहरू बनाउन थालेका हुन् । उनले बनाएका मुढा, र्‍याक, ह्याङ्गर तथा अन्य सजावटका सामानहरू गाउँमा नै प्रयोग बढेपछि आम्दानी बढ्न गई आर्थिक समस्या घटेको छ र आर्थिक अभावले समस्या हुँदा हुने तनाव कम भई मनमा शान्ति मिलेको छ । उनी आफूले तयार गरेको बाँसका सामानहरू मकालुको सेदुवा बजार लगेर बेच्छन् । मकालु मकालु



*हस्तकलाका सामान बनाउदै टेकराज चौलागाई (मकालु, संखुवासभा)*



*परियोजनाको सहयोगमा सम्पन्न खानेपानी योजना*

बेसक्याम्प जाने पदमार्गमा पर्ने भएकाले उनको सामानहरू पर्यटकहरूले खरिद गर्ने हुँदा आफूले तयार गरेका सामानहरू बेच्न समस्या नभएको र उनीहरूले आफूले सोचेभन्दा बढी दाम तिर्ने गरेको कुरा उनी बताउँछन् । टेकराज चौलागाई अहिले घरमै बसीबसी बाँसका हस्तकलाका सामानहरू बुन्नमा तल्लिन छन् । गाउँ समुदायका मानिसहरू उनका परिश्रम देखेर दंग पर्छन् र अरुले पनि उनको सिको गर्न थालेका छन् ।

उनी अहिले आफै राम्रो कमाई गरेर आत्मसम्मानका साथ बाँचिरहेकाछन् । अहिले उनलाई अपाङ्गताको महसुस पटक्कै छैन । उनी भन्छन्, "मेहनत गऱ्यो भने अवश्य पनि सफल हुने रहेछ र गाउँबाट शान्ति परियोजनाले यसरी नै म जस्ता अपाङ्ग, गरीब, दलित, महिला तथा सामाजिक रूपले पछाडि पारिएका व्यक्तिको आम्दानी बढाउने काम गरिरहेको छ ।" "यस परियोजनाले आयआर्जनका क्रियाकलाप मात्र नभई अन्य सामाजिक विकासका क्रियाकलापहरूद्वारा गाउँ समुदायमा मेलमिलापको भावना जगाउने, एकजुट भै काम गर्ने बातावरण सृजना गरिरहेको छ, जसले गर्दा समुदायमा व्यक्ति व्यक्ति तथा परिवार परिवार बीचमा सामाजिक सद्भाव बढाएको छ ।" उनी दोहोऱ्याउँछन् ।

## गुरासे खानेपानीले शान्ति तथा पुनर्मिलनमा पुऱ्याएको योगदान

**-गीता श्रेष्ठ,** अधिकृत (जीइएसआई)

भोजपुर जिल्लाको किमालुङ्ग गाविस भौगोलिक रूपले विकटहुनुका साथै आर्थिक, सामाजिक, राजनीतिक, शैक्षिक हिसावले पनि निकै पछाडि देखिन्छ । शेर्पा, राई, तामाङ जस्ता जातिहरूको बाहुल्यता रहेको यस गाविसमा सुरक्षित खानेपानी उपलब्ध नभएकोले एक गाग्री पानी लिन एक घण्टाको बाटो जानुपर्ने अवस्था रहेको थियो । विद्यालयका छात्र छात्रा समेत त्यही असुरक्षित पानी पिउन बाध्य थिए र सरसफाईको लागि समेत पानीको अभाव महसुस गरिरहेका थिए ।

यस बीचमा गाविसको एक सक्रिय समुदायमा आधारित जनसंस्था जागृति आमा समूहले आवश्यकता पहिचान गरी गाउँबाट शान्ति परियोजनामा आर्थिक तथा प्राविधिक सहयोगको माग गरेको थियो । गाउँको आवश्यकता र समूहको उत्साह देखेर आरआरएन गाउँबाट शान्ति परियोजनाले पनि सहयोग गर्ने निर्णय गऱ्यो ।

खानेपानी निर्माणको लागि परियोजनाको तर्फबाट बाह्र लाख अठ्ठाइस हजार चारसय छैसठ्ठी रूपैयाँ र समुदायको तर्फबाट पाँच लाख सत्र हजार दुईसय तेह्र रूपैयाँ गरी जम्मा सत्रलाख पचहत्तर हजार छ सय उनान्असीमा गुराँसे खानेपानी तथा सरसफाई आयोजना कार्यान्वयनमा आयो । जम्मा ५२ घरधुरी, १ गुम्बा र १ स्कूलका करिब ४७५ व्यक्तिहरू प्रत्यक्ष रूपमा लाभान्वित भएको यो योजना सम्पन्न गर्न समूहका सबै सदस्य निर्माण समितिमा रही कार्यविभाजन गरेर काम सम्पन्न गर्दा एकआपसमा असल सम्बन्ध स्थापित गर्न सहयोग पुगेको छ । अन्तत द्वन्द्वकालको वैमनस्यता, अहंकार, तुष हराउदै एकआपसमा सहयोगको भावना बढेको छ ।

योजना सम्पन्न भैसकेपछि घर आगनमा धारा निर्माण भै समयको वचत भएको छ र घरपरिवारका सदस्यहरूका सरसफाईमा सुधार समेत देखिन थालेको छ । नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन) द्वारा संचालित गाउँबाट शान्ति परियोजना लागु भएपछि ११५ वटा यस्ता सामुदायिक पूर्वाधारहरू निर्माण तथा व्यवस्थापनमा समुदायहरूलाई आर्थिक तथा प्राविधिक सहयोग गर्दै आईरहेको छ ।

## सामाजिक अन्धविश्वासको विरोध तथा एकल महिलाहरूको आत्मसम्मान

**- प्रमिला वस्ती,** अधिकृत (जीइएसआई)

गत फागुन २५ (आठ मार्च) गते मकालु गाविसमा १०१औं अन्तराष्ट्रिय नारी दिवस विगतभन्दा बेग्लै ढंगले मनाइएको छ । विगतका वर्षहरूमा अन्तर्राष्ट्रिय नारी दिवस सामान्य रूपमा गीत संगीत, नाचगान मार्फत आफ्ना पीडा पोख्दै तथा



*रातो टिका र पहिरनमा एकल महिलाहरू (संखुवासभा)*

अधिकारसम्बन्धी सचेतना कार्यक्रमद्वारा मनाइन्थ्यो भने यसपल्ट समुदायले गाउँबाट शान्ति परियोजना तथा गाविसको सहयोग र स्थानीय महिला सञ्जाल, लोकतान्त्रिक महिला मञ्चसँग सहकार्य गरेर मनाएका छन् । गाविसस्तरका राजनीतिकर्मीहरू, शिक्षक तथा बुद्धिजीवीको उपस्थितिमा सम्पन्न उक्त कार्यक्रम महिलाहरूको दुःख पीडा कम गर्ने, महिलाहरूको मनोबल बढाउने र एकल महिलाका पीडालाई सम्बोधन गर्दै १९ जना एकल महिलालाई रातो टिका र रातो दोसल्ला ओढाई सम्मान गरिएको थियो । यसमा १९ बर्षदेखि ७० वर्षसम्मका महिला दिदी बहिनीहरू हुनुहुन्थ्यो भने शान्ति निर्माण प्रक्रियामा महिलाको भूमिका विषयक वक्तृत्वकला प्रतियोगिता पनि आयोजना गरिएको थियो । सोही कार्यक्रमका बेला एकजना एकल महिला अन्जनी पौडेलले भावविव्हल हुँदै भन्नुभयो, "अगाडिदेखि नै रातो लुगा, टिका लगाउने त रहर थियो तर समाजको डरले चुपचाप लागेर बसें । यस्ता कुसंस्कारको पछाडि लाग्न नहुने रहेछ अनि परिवर्तन त आफैंबाट सुरु गर्नुपर्ने रहेछ भनेर मैले रातो दोसल्ला ओढेकी छु ।" त्यसैगरी अर्की एकल महिला मञ्जु वि.क. भन्नुहुन्छ "गाउँबाट शान्ति परियोजनासँग सहकार्य गरेपश्चात् हामीमा आफ्नो अधिकारको बारेमा जानकारी भयो । सामाजिक अन्धविश्वास तथा रुढीबादी परम्पराले महिलालाई पछाडि पारेको रहेछ । अब हामी यसको विरोधमा आवाज उठाउन सक्षम भएका छौं ।" वास्तवमै महिलामाथि हुने गरेका यस्ता कुसंस्कारले महिलालाई सामाजिक हिंसाको पात्र बनाइरहेको छ र जुन दिगो शान्ति स्थापनाको बाधक तत्व हो ।

आजभोली राज्यले कुन कुन क्षेत्रमा कसरी महिला, दलित तथा जनजातिका लागी बजेट छुट्याएको छ, उक्त बजेट सदुपयोग गर्न के कस्ता प्रक्रियाहरू छन् भन्ने बारेमा परियोजनाले हामीलाई ज्ञान दिएको छ, जसले गर्दा हामीले सरकारी निकायहरूबाट पाइने स्रोत लिन पनि सफल भएका छौं भन्नुहुन्छ मकालु जनजागरण आमा समूहकी सदस्य विष्णुमाया महत । यो वर्ष उक्त समूहको सक्रियतामा गाविसबाट छुट्याइएको बजेट रु. पचास हजार लिन सफल भई महिलाहरूले ढाका बुनाई तालिम पनि सुरु गरेका छन् ।

यसैगरी धूपु गाविसका महिलाहरूले पनि नारी दिवसको अवसरमा रातो टिका र रातो दोसल्ला ओढाई एकल महिलाहरूलाई सम्मान गरेका थिए ।

आरआरएन गाउँबाट शान्ति परियोजनाले विगत २ वर्षदेखि भोजपुर र संखुवासभाका १५० वटा समुदायमा आधारित जनसंस्थासँग मिलेर साझेदारीमा विभिन्न सामाजिक विकासका क्रियाकलापहरू गरिरहेको छ । लैङ्गिक सचेतना तथा अधिकारमूखी विकास अवधारणा तालिमहरूपश्चात् यहाँका महिलाहरूको चेतनामा बृद्धि भएको देखिन्छ । समाजमा रहेको सामाजिक कुरीति र कुसंस्कारको जालोलाई हटाउदै महिलाहरूको अधिकारप्रतिको सचेततामा बृद्धि भइसकेको छ ।

## सिंचाइ योजनाले ल्याएको परिवर्तन

**- महेश ढुङ्गाना,** सब-इन्जिनियर

खाँदबारी नगरपालिका वार्ड नं. ६, माल्टा गाउँमा पाँमा खोला मुहान रहेको सिंचाई आयोजना आजभन्दा ५० बर्ष अगाडि निर्माण भएको थियो । मर्मतको अभावमा उक्त योजना काम नलाग्ने स्थितिमा पुगेको थियो । कुलोबाट पानी आउन छोडेपछि गाउँका धेरै मान्छेले पहिला धान फल्ने खेतलाई कोदोबारी बनाएका थिए । वर्षभरीमा एक बाली मात्र लगाउन सकिने भएकाले जीवन धान्न पनि निकै धौ धौ परिरहेको थियो ।

लली शिवा र बमबहादुर शिवा पनि सोही स्थानका भएकाले उनीहरूको अवस्था पनि दयनीय हुँदै थियो । कथित दलित जाति भनिने उनीहरूको खेत बाँझिएपछि कोदोको बाली लगाउनुभन्दा कुनै विकल्प थिएन ।

गाविसको सामुदायिक जनसंस्थाले सिंचाई मर्मतको लागि गाउँबाट शान्ति परियोजनामा आर्थिक तथा प्राविधिक सहयोगको माग गरेको थियो । उनीहरूको काम गर्ने उत्साह र गाउँको आवश्यकतालाई हेरेर आरआरएन गाउँबाट शान्ति परियोजनाले पनि सहयोग गर्ने भन्ने निर्णय भयो ।

"लामो कुलो फेरी विभिन्न ठाँउमा मर्मत गरी चलाउनु पर्ने भएकोले पहिला पहिला जनसहभागिता जुटाउन समस्या परेको थियो, तर मुहानदेखि मर्मत गर्दै र पानी पनि सँगसँगै ल्याएको देखेपछि कुलो बन्दैन भनेर श्रमदान गर्न नगएका डिल्लीमान राई र विमान राईहरू पनि कुलो बनिने भो भनेर काममा आउन थाले" खुसी हुँदै निर्माण समिति अध्यक्ष विर्खराज राई भन्छन् । काममा सबैको सक्रिय सहभागिता र ज्यालामा एकरूपता भएपछि काम गर्न धेरै सजिलो भएको र ठूलो योजना भएपनि सम्झौता गरेको मितिभन्दा अगाडिनै सम्पन्न गरेको निर्माण समिति सचिव यञ्चनाथ निरौला भन्छन् । यसरी समुदायका सदस्यहरूले मिलिजुली आरआरएन गाउँबाट शान्ति कार्यक्रमको सहयोगमा तीन किलोमिटर लामो सिंचाई आयोजनाको पन्ध्र ठाँउमा मर्मत कार्य गरी सम्पन्न गरेका छन् । यसरी पटक पटक गरी मर्मत कार्य सम्पन्न भएपछि हाल उक्त कुलो निरन्तर चलिरहेको छ ।



*सिंचाई कुलो निर्माणमा स्थानीय समुदायको सहभागिता (संखुवासभा)*



*बंगुरपालन बन्यो राम्रो आम्दानीको स्रोत*

जब कुलो मर्मत गर्ने काम सम्पन्न भयो पुनः स्थानीय वासिन्दाहरूले कोदोबारीलाई खेत बिराउन थालेका छन् । “अब हामीले पनि आफ्नै खेतको धानको भात खान पाउने भयौं” वितेका दिनमा बजारमा चामल किन्दाको क्षण सम्झिदै बमबहादुर शिवा भन्दछन् । यसैगरी खड्गबहादुर राईको कोदोबारी पनि धानखेतमा रूपान्तरण भएको छ र उनी मौसमी बेमौसमी तरकारी खेती लगायत बर्षको ३/४ बाली लगाउने सोंचमा छन् । खाँदबारी बजार नजिकै हुनुका साथै तरकारी खेतीको लागि योग्य जमिन भएको कारणले गर्दा यस ठाउँका व्यक्तिहरूमा तरकारी खेती गर्ने उत्साह पनि छाएको छ ।

एक स्थानीय व्यक्ति यसरी आफ्नो खुशी व्यक्त गर्छन्, “अब सिंचाई कुलो मर्मत भएपछि हाम्रो बारीमा वर्षैभरी धेरै बालीहरू लगाउन सकिने भयो, विहान बेलुकी छाक टार्ने समस्या समाधान हुने भयो, हाम्रो लागि शान्ति भनेको यही हो । एकदुइ पल्ट कुलो मर्मत गरेर मात्र हुदैन हामीले यसलाई निरन्तर चलाउनु पर्छ र यसको लागि मर्मत सम्भार कोषको व्यवस्था गरिहाल्नु पर्छ ।”

## बद्री राउतले शुरु गरे व्यवसायिक बंगुरपालन

**-विजय दुत्पाउ,** सामुदायिक परिचालक

खराङ्ग ६ सुन्तलाबारीमा बसोबास गर्ने बद्री राउतले आधुनिक बंगुरपालन सुरु गरेका छन् । न त बाबु बाजेले गरेको न त छरछिमेकीले नै र वरपर सबै क्षेत्री, ब्राम्हणको मात्र बसोबास रहेको गाउँमा यस्तो व्यवसाय सुरु गर्नु चुनौतीपूर्ण कार्य थियो ।

२०६६ सालमा नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन) गाउँबाट शान्ति परियोजनाद्वारा पाँचदिने बंगुरपालन तालिम पश्चात् सिकेको ज्ञान र सीपलाई प्रयोग गरेर उनले आधुनिक खोर तयार गरे । त्यसपछि सो खोरमा १ जोडा बंगुरको पाठा राखेर आफ्नो व्यवसाय संचालन गर्न थाले । तर ती बंगुरका पाठाहरू लगभग १३ किलोका भएपछि राम्रो बढ्न सकेनन् । त्यसपछि उनको व्यवसायको गाउँघरमा टिका टिप्पणी हुनथाल्यो । नत बाबु बाजेले गरेको न त छरछिमेकीले नै गरेको यस्तो व्यवसाय गर्न कर्मले नदिएको भन्ने भनाईले कताकता उनलाई पनि घोच्यो । तर मानिसको कुराको पछि लाग्नुभन्दा आफ्नो व्यवसायमा निरन्तर लागि परेमा फल अवश्य प्राप्त गर्न सकुँला भनेर उनीले केही दिनपछि फेरि नयाँ राम्रो जातका २ वटा पाठा किनी उक्त आधुनिक खोरमा पाल्न सुरु गरे । उनको काममा घरपरिवारले समेत राम्रो साथ दिए । अहिले ती पाठापाठी बिक्रीबाट रु. १५,००० बराबरको आम्दानी भएको छ र दुईवटा राम्रा पाठापाठी समेत खोरमा छन् । यो आम्दानीले घर खर्च र केटाकेटीको पढाई खर्चमा सजिलो भएको छ । यसले उनमा बंगुरपालन व्यवसायप्रति बिश्वास बढेको छ । यदि मानिस आफूले चाहेको व्यवसायमा निरन्तर रूपमा लागि परेको खण्डमा अवश्य पनि सफल हुन्छ भन्ने भनाई छ उनको । अहिले आएर छरछिमेकलाई पनि आयआर्जनका लागि जुनसुकै जातिले जेसुकै पेशा गर्दा पनि हुन्छ भन्ने पाठ उनले सिकाएका छन् ।

यदि कसैको केही गर्ने सोंच छ, तर अवसरको खोजीमा छ भने उक्त मानिसले चाहेको पेशा गर्न सहयोग गरेको खण्डमा उसले सफलता हासिल गर्न सक्ने रहेछ, राम्रो आम्दानी गर्न सक्ने रहेछ भन्ने कुरा बद्री राउतले प्रमाणित गरिदिएका छन् । उनी भन्छन्, “हामी नेपालीहरू कृषि पेशा गर्न लाज मान्दै आफ्नै बारीमा सुन फलाउन सक्छौं भन्ने कुरा बिर्सेर विदेश पलायन हुन्छौ, यो राम्रो होइन । देशमै बसी कृषि र पशुपालनलाई व्यवसायीकरण गरेर मनग्गे आम्दानी गर्न सकिन्छ भन्ने मलाई अहिले विश्वास बढेको छ ।”

## तरकारी खेतीले आय आर्जनमा वृद्धि

**-संगीता तामाङ,** सामुदायिक परिचालक

धुपु गाविस वार्ड नं ८ ज्यामिरे स्थित लगनशील महिला समूहकी अध्यक्ष पदमकुमारी पोखरेल र सदस्य कर्ण कुमारी पोखरेल दुबै किसान हुन् । पहिलेदेखि तरकारी खेतीमा दुबैको रुचि रहेको थियो । फलस्वरूप, नेपाल ग्रामीण पुनर्निर्माण

संस्था (आरआरएन), गाउँबाट शान्ति परियोजनाको सहयोगमा मिति २०६६ भाद्र महिनामा तुम्लिङटारको तालिम केन्द्रबाट दुबै जनाले ५ दिने तरकारी खेतीसम्बन्धी व्यवसायिक तालिम लिए । तालिम पूर्व र तालिम पछिको तरकारी खेतीबारे यसरी बताउँछन् कर्ण कुमारी र पदम कुमारी पोखरेल- "हामीले पहिले पनि तरकारी नलगाएका त होइनौं तर लगाउने तरिकामा तालिम अघि र तालिम पछि आकाश पातालको फरक पायौं । बीउ बीजन लगाउने, उमार्ने, फलाउने, कुरामा धेरै अन्तर रहेछ । पहिले त बीउ बीजन उमार्न नै सक्दैनथ्यौं, तर अहिले हामी बन्दा, काउली टमाटर, मूला, रायो, धनियाँ आदिका बेर्ना समेत बनाएर बेच्छौं । बिरुवा र बीउ दुबै बेच्छौं । हामीले अहिले धेरै खालको तरकारी लगाएका छौं । तिनीहरूमा आलु, बन्दा, काउली, मूला, रायो, तोरी, धनियाँ, गाँजर, टमाटर लगायतका तरकारी पर्दछन् ।"

बजारबारे उनीहरू भन्छन् "तरकारी धुपुको डके बजार, बाह्रबिसे बजार, खाँदबारी अनि आफ्नै गाउँमा समेत बिक्री हुन्छ । तरकारीबाट मासिक रु. २०,००० सम्म आम्दानी हुन्छ । हामीले परियोजनाबाट बीउपुँजी रकम पाएपछि अझ जोश र जाँगर थपिएको छ । हामी अन्य खेतीपाती तथा तरकारी व्यवसायलाई प्राथमिकता दिदै व्यवसायिक ढंगले उत्पादन गर्ने सोंचमा छौं, तर आफ्नो मेहेनत हेर्दा तरकारीको मोल भने कम लाग्छ ।"

यसरी गत भाद्र महिनादेखि तरकारी फलाएर बेच्दै आएको कुरा बताउँछन्, यी मेहेनती किसान दिदीहरू । पहिलेभन्दा आम्दानी बढेको, घरखर्च गर्न ऋण लिनु नपरेको उनीहरू बताउँछन् । महिला स्वयंसेविका भएको कारण पदम कुमारी पोखरेललाई त झनै सजिलो भएको छ समुदायलाई तरकारी खेती लगायतका कुरा सिकाउन । दुबैजना हाँस्दै भन्छन्- "बाह्रबिसे बजारमा हाम्रो जस्तो राम्रो तरकारी कसैको हुँदैन । सबैले हाम्रो नै तरकारी किन्दा खुशी लाग्छ" । यो व्यवसायले एकातिर पदमकुमारी लगायत अन्य महिलाहरूको व्यवसाय गर्ने आत्मबल बढेको छ भने अर्कोतिर उनीहरूको आर्थिक स्रोतमा पहुँच तथा नियन्त्रण समेत बढेको छ ।

## दुर्गा वि.क. को जीवनमा आएको परिवर्तन

**-मुना पराजुली**, सामुदायिक परिचालक

खाँदबारी नगरपालिका १२ साठीमुरे बस्ने दुर्गामाया वि.क. दुई छोराकी आमा हुन् । पाँच सात बर्ष अगाडि द्वन्द्वको अवस्थामा श्रीमान् बेपत्ता भएपछि आफूलाई सम्हाल्दै जीवनयापन गरिरहेकी उनी बताउँछिन् । श्रीमान् बेपत्ता भएपछि उनी छोराछोरीको साथमा माइती भोजपुर गइन् । सशत्र द्वन्द्व समाप्त भएपछि फेरी उनी आफ्नै गाउँ साठीमुरे फर्किन् । गाउँ फर्केपश्चात् उनी गिटी कुट्ने तथा अन्य ज्यालादारी काम गरेर आफ्ना छोराछोरी हुर्काउन थालिन् । परियोजनाको पहल तथा समूहको सहयोगमा डेढबर्ष अघि गाउँको महिला समूहमा आबद्ध भएकी दुर्गा हाल समूहकी जिम्मेवार र इमान्दार सदस्यमा पर्दछिन् । घरमा आफ्ना साना दुई छोरा जन्मनासाथ आफ्नो लोग्नेबाट एक्लिन पुगेकी दुर्गा आज आफूमा धेरै परिवर्तन भएको महशुस गर्छिन् ।



*दुर्गा विक आफ्नो छोराको साथमा*

समूहको सदस्य भएपछि आफूले सो समूहको सिफारिसमा विभिन्न तालिमहरू लिन पाएकोमा खुशी व्यक्त गर्दै भन्छिन्, "मेरो बाँच्ने आशा बढेको छ । हिजोसम्म आफ्नो कर्मलाई धिकार्थे तर आज समूहको हरेक बैठक र तालिममा सहभागी हुन भ्याएकी छु ।" यसैक्रममा समूहको सिफारिसमा नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन), गाउँबाट शान्ति परियोजनाले आफूलाई प्रत्यक्ष द्वन्द्व प्रभावित भएको कारण मानवीय रूपमा रु. ८००० सहयोग गर्‍यो जसबाट २ वटा बंगुरका पाठा किनेर केही पैसा घर खर्च र स्थानीय उत्पादन खरिद बिक्रीमा लगानी गरेको उनी बताउँछिन् । आज त्यही पुँजीलाई परिचालन गरी किनेका यी दुइवटा बंगुरका पाठा बिक्री गरी छोराछोरी हुर्काउँदा लागेको ऋण तिर्ने बताउँछिन् दुर्गामाया । उनले स्थानीय उत्पादन खरिद बिक्री व्यवसायमा समेत बढी फाईदा हुने देखेर कृषिजन्य, खाद्यान्न तथा अन्य सामाग्रीहरू खरिद गरी शुक्रबारे हाट तुम्लिङ्गटार र शनिबारे हाट खाँदबारीमा लगेर बेची त्यसबाट आएको आम्दानीले घर खर्च टार्छिन् र छोराछोरीलाई पढाउँछिन् । विद्यालयमा पनि दलितको कोटामा आएको छात्रवृत्ति मार्फत छोराछोरीले सहयोग पाएका छन् । यसरी समूहमा सहभागी भई काम गर्दा र संस्था तथा सरकारी कार्यालयहरूको सहयोगले उनलाई जीवनयापन गर्न सहयोग पुगेको छ जसले गर्दा श्रीमान् गुमाउँदाको पीडालाई केही हदसम्म मलम लगाएको दुर्गा बताउँछिन् ।

## मनको धोको पूरा भयो

**-मन्जु बिष्ट**, सामुदायिक परिचालक

संखुवासभा जिल्ला आँखिभुई गा.बि.स.को वडा नं ६ निवासी ४४ वर्षीय मानबहादुर श्रेष्ठ सानै उमेरदेखि आफ्ना घरमा पालेका पशुको स्याहार सुसार गर्ने गर्थे । यही भएर होला ठूलो भएपछि पनि उनलाई पशुसम्बन्धी तालिम लिएर गाउँमै बस्ने इच्छा जागेर आयो । तर त्यो इच्छामै मात्र सिमित थियो । विभिन्न सरकारी कार्यालयमा गएर भेटनरी तालिमसम्बन्धी जिज्ञासा राख्दा यससँग संबन्धित अरु संघ-संस्थासँग सम्पर्क गर्ने भनेर सरकारी कार्यालयका



*मानबहादुर श्रेष्ट आफ्नै पशुस्वास्थ्य केन्द्रमा*

कर्मचारीले भनेको कुरा मानबहादुर श्रेष्ठ स्मरण गर्छन् ।

क्षेत्रफल र जनघनत्वको आधारमा नगरपालिका पछिको ठूलो भए पनि आँखिभुई गाविस भरी नै भेटनरीसम्बन्धी उपचारको सुबिधा छैन । यस्तै समस्याले पिरोलिरहेको अवस्थामा मानबहादुर लगायत आँखिभुई गा.बि.स.का बासिन्दालाई गाउँबाट शान्ति परियोजनाको सहयोगमा ३५ दिने ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता तालिम लिने अवसर पाउदा ढुंगा खोज्दा देउता मिले भैं भयो ।

अहिले आरआरएन गाउँबाट शान्ति परियोजनाले मानबहादुर श्रेष्ठको इच्छा पूरा गरिदिएको छ । तालिम लिएपश्चात् गाउँ गाउँमा प्रचार प्रसार गरी पशुसम्बन्धी सेवा उपलब्ध गराइरहेका छन् । हाल तालिम लिएर गाउँमा सेवा सुबिधा पुऱ्याउन थालेको ४ महिना भएको छ, जसबाट आफूलाई मासिक रु २००० सम्म आम्दानी भएको बताउँछन् । गाउँ डुलेर पशुसम्बन्धी उपचार गर्ने कोही नभएकोले उपचार गर्न र गाउँको सेवा गर्न पाएको बताउँछन् मानबहादुर । काम गर्ने ठूलो हौसला रहेको भएपनि आर्थिक कठिनाईले गर्दा आफ्नो व्यवसाय विस्तार गर्न नसकिरहेको गुनासो उहाँको थियो । त्यस क्रममा व्यवसाय बृद्धि गर्नका लागि बीउपुंजीका रूपमा परियोजनाबाट रु १५००० प्राप्त गरी सकेका छन् । सो रकमले बोका खसी पार्ने सामान र पशु औषधी किनेर व्यवसाय बढाउने, समूह समूहमा गएर समुदायमा पशुस्वास्थ्यसम्बन्धी जानकारी गराउने अबको योजना रहेको उनी बताउछन् । परियोजनाको सहजीकरणकै कारण उहाँले जिल्ला पशु सेवा कार्यालयबाट पनि व्यवसायलाई थप टेवा पुऱ्याउने उद्देश्यले बीउपूँजी स्वरूप रु. १५००० लिएका छन् र प्राविधिक ज्ञानको लागि नियमित रूपमा जिल्ला पशु सेवा कार्यालयसँग सम्पर्क तथा समन्वय गर्ने गर्दछन् ।

## घुम्ती कोषबाट खुद्रा पसल

**-विजय दुत्पाउ,** सामुदायिक परिचालक

त्रिबेणी सामुदायिक संस्था एक समुदायमा आधारित जनसंस्था हो । यो खराङ्ग गाविस वडा नं ३ कल्लेरीमा रहेको छ । समूहमा विशेष गरेर जनजाति, क्षेत्री र एक दलित रहेका छन् । गाउँबाट शान्ति कार्यक्रमका शुरुदेखि नै विभिन्न तालिम तथा गोष्ठीहरूमा एकदम सक्रियताका साथ यो संस्थाले सहभागिता जनाउने गरेको थियो । २०५७ सालमा गठन भएको यस समूहले मासिक रूपमा बचत गर्ने र उक्त रकम समूहका सदस्यलाई आयआर्जनका काम गर्नका लागि ऋणको रूपमा दिने गरेको छ । समूहको सक्रियता र सफलता देखेर गाउँबाट शान्ति कार्यक्रमबाट घुम्ति कोष स्वरूप रु २५००० सहयोग गरिएको थियो ।

उक्त घुम्ति कोषबाट यसै समूहका सदस्य चन्द्रमाया कटुवालले पनि खुद्रा पसलको लागि भनेर ऋण लिइन् । उनीले गाउँमा सानो पसल पनि नभएको कारण अति आवश्यक पर्ने सामानहरू चामल, नुन, तेल, मसला साबुन आदि सामानहरू राखेर सानो पसल गर्न सुरु गरिन् । गाउँमा अरु कुनै पनि पसल नभएको कारण अहिले एकदमै राम्रोसँग पसल चलेको छ भन्छिन्, चन्द्रमाया कटुवाल । थोरै पैसाले सुरु गरेको सानो पसलमा बिस्तारै सामान थप्दै गएकी छिन् । पहिले ढुक्कै कृषि पेशामा लागी पर्ने चन्द्रमाया अहिले पसलमा बसेर आफ्नो जीविकोपार्जन गर्न पाउँदा ज्यादै खुशी भएकी छन् । पसलले राम्रो फाइदा दिएपछि उनी भन्छिन्- “म अब यसैलाई निरन्तरता दिएर आफ्नो भबिष्य बनाउने र परिवार पालनपोषण गर्नेछु ।”

साँच्चि नै चन्द्रमाया कटुवालले थोरै रकमले पसल सरु गरेर पनि सफल भएकाले एकदमै उदारहणीय बनेकी छिन् । राम्रो ठाउँमा सदुपयोग गरे थोरै रकमले पनि हाम्रो जीवनमा सुधार ल्याउन ठूलो सहयोग पुग्ने रहेछ भन्ने उनीबाट सिक्न सकिन्छ ।

## तीर्थाको पढाईमा भयो सुधार

**-रीना राई,** सामुदायिक परिचालक

लामो समयको सशस्त्र द्वन्द्वको चपेटामा परी मानसिक पीडा र तनाब खेपेकी भोजपुर जिल्लाको चरम्बी गाविस वार्ड नं ३ ञ्याङ निवासी तीर्था राई एक सहाराविहीन बालिका हुन् । विगत १६/१७ बर्षदेखि उनका बुबा बेपत्ता भएका र उनी डेढ बर्षको हुँदै आमाले पनि दोस्रो बिबाह गरी उनीलाई छोडेर गएको कारण हाल उनी काका काकीको साथमा बसेकी छिन् । यसरी सानैमा टुहुरो बन्न पुगेकी तीर्थाको सहारा भन्नु नै काका काकी हुन् ।

५ छोरी र १ छोरा मध्ये उनी कान्छी हुन् । विगतको सशस्त्र द्वन्द्वको बेला, २०६० सालमा काँइली दिदी मारिएकी थिइन् र साथमा दाइ पनि साथीहरूको दबावको कारण सशस्त्र द्वन्द्वमा सहभागी भएका थिए । उनका दाइलाई सिरहाको भीडन्तमा परी मानसिक तनाब उत्पन्न भएको थियो ।

तीर्था विद्यालय त जान्थिन् तर आफ्नो पढाईलाईं निरन्तरता दिनको लागि धौ धौ नै थियो । यसै क्रममा नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन) भोजपुरद्वारा संचालित गाउँबाट शान्ति परियोजनाले द्वन्द्व प्रभावित, दलित, महिला, जनजाति र पछाडि पारिएका वर्गहरूलाई सहयोग गर्ने लक्ष्यअनुसार उनको यथार्थ कुरा सुनेपछि सहयोग गर्ने निर्णय

गऱ्यो । विद्यालयबाट पनि उनी जेहन्दार र द्वन्द्व पीडित भएकोले सहयोगको चाहिएको सिफारिस गरेपछि गाउँबाट शान्ति परियोजनाले उनलाई छात्रावृत्ति सहयोग उपलब्ध गरायो । यो छात्रावृति सहयोग उनका लागि 'ढुङ्गा खोज्दा देउता मिले भ्कै' भयो । उनी हाल यसै विद्यालयमा कक्षा १० मा अध्ययनरत छिन् । उनी यस उ.मा.बि.की एक जेहेन्दार र लगनशील बिद्यार्थीमा गनिन्छिन् । उनी भन्छिन् "यस गाउँबाट शान्ति परियोजनाले मलाई छात्राबृत्ति सहयोग गरेपछि म निरन्तर विद्यालय आउन पाएकी छु ।" वास्तवमा उनीहरूलाई आफ्नो उत्पादनले ४/५ महिना मात्र खान पुग्ने र आफ्नो पारिवारिक बाध्यताले पनि निरन्तर विद्यालयमा उपस्थित हुन नसकेको र मानसिक तनाब पनि भएको कुरा बताउछिन् ।

वास्तवमा तीर्था राई जस्तै सशस्त्र द्वन्द्वको चपेटामा परेर सङघर्षमय जीवन बिताउन बाध्य भएका ८०७ जना बालबालिकाहरूलाई परियोजनाले छात्रवृत्ति सहयोग उपलब्ध गराउदै आइरहेको छ र तीमध्ये ८७ प्रतिशत बालबालिकाहरू उतीर्ण भै माथिल्लो कक्षामा समेत अध्ययनरत छन् ।

## नुमका महिलाहरूमा सामाजिक जागरण

**-रामबहादुर वि.क.**, सामुदायिक परिचालक

गाउँबाट शान्ति परियोजनाअन्तरगत विभिन्न क्रियाकलापहरू सञ्चालन हुन थालेपछि नुम गाविसमा आजभोली शान्ति, मेलमिलाप र सामुहिक विकासमा अग्रसर भई महिलाहरू शिक्षा, स्वास्थ्य आदि क्षेत्रमा जागरुकताका साथ सहभागी बन्न थालेका छन् । महिलामाथि कुनै पनि राजनीतिक, सामाजिक, आर्थिक भेदभावको अन्त्य हुनैपर्छ भन्ने कुराको चेतना अब उनीहरूमा जागेको छ । महिलाहरूको अवस्थामा सुधार नभएसम्म समाजको परिवर्तन, दिगो शान्ति र मेलमिलापमा सुधार हुन सक्दैन भन्ने कुरा पनि उनीहरूले बुझ्न थालेका छन् । आजकल उनीहरू मेलमिलाप र शान्तिसम्बन्धी सचेतनामूलक लोकनृत्य, तीज पर्व, नारी दिवस आदि संचालन गर्दै आएका छन् ।

संखुवासभा जिल्लाको नुम गाविसका विभिन्न समूह र गाविस स्तरीय शान्ति सञ्जालको अगुवाईमा तीज पर्व मनाइएको थियो । कार्यक्रममा महिला हिंसाको अन्त्यका लागि महिला पुरुष ऐक्यबद्धता, समान अधिकार र अवसर, भेदभावरहित र हिंसामुक्त समाज, शान्ति र मेलमिलापको लागि सबैको ऐक्यबद्धता र आपसी सद्भाव कायम हुने भावका गीत र संस्कृति झल्कने खालका भेषभुषामा सजिएर कार्यक्रम गरिएको थियो । यसभन्दा अगाडि तीज पर्व, नारी दिवस सामुहिक रूपमा मनाउने चलन नै थिएन ।

जब नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन), गाउँबाट शान्ति परियोजनाले समुदायमा आधारित संस्थाहरूसँग हातेमालो गरी कार्यक्रमहरू संचालन गर्नथाल्यो तब मात्रै नुम गाविसका सदस्यहरूलाई तीज पर्व तथा नारी दिवसको महत्व थाहा भयो भनेर प्रगतिशील स्वावलम्बन समूहकी सदस्य सरिता पोखरेल बताउछिन् । उक्त कार्यक्रमको प्रभावले प्रत्यक्ष द्वन्द्व प्रभावित, दलित, गरीब तथा पछाडि पारिएका महिलाहरूसँग आपसी सद्भाव पनि बढेको कुरा उनी बताउछिन् । घरभित्र धुलो र धुँवासँग बस्न बाध्य आमाहरू साँच्चै केही गर्न सक्दछन् भन्ने कुरा उनीहरूको कलाकारिताबाट प्रष्ट झल्किन्थ्यो । उक्त लोकनृत्य कार्यक्रमको सिलसिलामा विभिन्न द्वन्द्वरत पक्षहरू बीच भेटघाट तथा सहकार्य भई समुदायमा सह-अस्तित्वको भावना पैदा भएको र यसले शान्ति र मेलमिलाप बढाएको पाइएको छ ।



## शान्तिसम्बन्धी गजल

**- तारा बहादुर बुढाथोकी**
अध्यक्ष, नेपाल अपाङ्ग संघ, संखुवासभा

गाउँमा शान्ति नरुचाउने झुप्रो कुन्थ्यो होला ?
देशै शहीद भए जनता कति रुन्थ्यो होला ?
गुराँसको फेदको पानी सङ्लो भइ झर्न सके
पहाडको-तराईसँग मीठो माया हुन्थ्यो होला ।
गोला बारुद बिसाएर गैंती बेल्चा बोक्न सके
विष्फोटनको आवाज पनि भ्याउरे मादल सुन्थ्यो होला ।
बाटोबाट काँडा फाली हातेमालो गर्न सके
प्रभुवाला माइकलालले कस्को बाटो थुन्थ्यो होला ।
गाउँबाट शान्ति छरी हाम्रो शहर छिर्न सके
नेपालीको प्रतिष्ठाले चाँदनीलाई छुन्थ्यो होला ।
गरीबले पसिनाले साहुको ऋण तिर्न सके
नौलो बिहान आउने स्वप्ना उस्ले पनि तुन्थ्यो होला ।
गाउँमा शान्ति नरुचाउने झुप्रो कुन्थ्यो होला ?
देशै शहीद भए जनता कति रुन्थ्यो होला ?

गाउँबाट शान्ति कार्यक्रमका लागि नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन) द्वारा प्रकाशित चौमासिक बुलेटिन

**सम्पर्क ठेगाना:**
**नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन)**
पो.ब.नं. ८१३०, २८८ गैरीधारा, काठमाडौं, नेपाल ।
फोन: ४००४९७६, ४००४९८५, फ्याक्स: ४००४५०८, इमेल: rrn@rrn.org.np वेबसाइट: www.rrn.org.np
**कार्यक्रम सम्पर्क कार्यालय:** संखुवासभा, फोन : ०२९-५७५११४ / भोजपुर, फोन : ०२९-४२०५१५/४२००५७

गाउँबाट शान्ति परियोजना **(Peace Building from Below-PBB)** क्यानाडाली अन्तर्राष्ट्रिय विकास संस्था (Canadian International Development Agency-CIDA) को सहयोगमा नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन) द्वारा पूर्वाञ्चलका पहाडी जिल्लाहरू-भोजपुर र संखुवासभामा संचालित एक कार्यक्रम हो ।